# कुम्भेश्वर प्राविधिक शिक्षालय सम्बन्धी छानविन प्रतिवेदन

## १. उजुरीमा उठाइएका विषयवस्तुहरुः-

ललितपुर जिल्ला ल.पु.म.न.पा २२ स्थित कुम्भेश्वर प्राविधिक शिक्षालयका कार्यालय प्रमुख किरण खड्गीले शिक्षालयमा तोकिएको काम नगरी शिक्षालयलाई नोक्शानी गरेको विभिन्न देशबाट आएको सहयोग रकम भ्रष्टाचार गरेको लामो समय देखी उक्त शिक्षालयमा कार्यरत जयन्ती मैया खड्गी लामालाई पटक पटक स्पष्टिकरण सोधेर मानसिक यातना दिई गैह्रकानूनी तरिकाबाट अवकास दिने प्रयास गरेको ।

## २. उजुरीको विषयवस्तुका सम्वन्धमा देखिएका तथ्यहरु :-

- कुम्भेश्वर प्राविधिक शिक्षालय जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मिति २०४६/०५/२७ गते विधान सम्मत दर्ता भइ सञ्चालनमा आएको, स्थापना कालदेखि नै यसले अति पिछडिएका ललितपुरका देउला समाज र गरिवहरुको सामाजिक तथा आर्थीक उत्थान गर्न कुम्भेश्वर प्राविधिक शिक्षालयको विधान तथा कर्मचारी विनियमावली बनाई लागू गरी सञ्चालनमा आएको। उक्त शिक्षालयमा करारमा कार्यरत कर्मचारीहरुलाई स्थायी गरि मासिक तलवको साथै एक महिनाको दशैं खर्च र एक महिनाको प्रोत्साहन भत्ता प्रदान गर्दै आएको र कर्मचारीहरुलाई आवश्यक परेको वेला आर्थीक, सामाजिक र भैपरि आउने व्यवहारिक सहयोग गर्दै आएको र इमान्दार कर्मचारीहरुलाई राजीनामा दिए पनि स्विकृत नगरी काममा निरन्तरताको लागि अनुरोध गरि काममा लगाएको पाइयो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयमा नर्वेको रेडवार्नाले सन् १९९४ देखि सन् २००० सम्म प्राथमिक स्कूलको लागि आंशिक सहयोग प्रदान गरेको ।उक्त शिक्षालयले विभिन्न ज्ञानमुलक तालिम दिने र तालिम लिएका प्रशिक्षार्थीहरुको आयमूलक कार्यक्रम सञ्चालन भइरहेको, प्रशिक्षार्थिहरुले हस्तकला सम्बन्धी सामान घरघरमा लगी स्विटर, पन्जा, टोपी, गलवन्दी लगायतका सामान तयार गर्ने र आम्दानी गर्ने गरेको । उक्त सामान गैर सरकारी संस्थाबाट खरिद वा निर्यात गर्न लगाइ सामान विक्रि वापतको रकम देशी वा विदेशी मुद्रा बैंक मार्फत शिक्षालयको बैंक खातामा जम्मा हुने र बैंक मार्फत नै खर्च हुने गरेको पाइयो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयमा तत्कालीन अवस्थामा कार्यरत उजुरीकर्ता जयन्ती लामा खड्गी शिक्षालयको कर्मचारी भएको, निज लामो समय देखि शिक्षालयमा अनुपस्थित भएकोमा शिक्षालयको नियमावली २०६८ अनुसार निज स्वतः अवकास हुनु पर्ने देखिन्छ ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयले निज जयन्ती लामा खड्गीलाई पटक पटक आर्थिक सहयोग गरेको र निजलाई भत्ता सहित २ बर्षे गलैंचा बुनाइ तालिम प्रदान गरी काम गर्ने मौका दिएको र शिक्षालय तथा निर्देशकको व्यक्तिगत सहयोगमा जग्गा खरिद गरी ४ तल्लाको घर निर्माण समेत गरेको र निजको छोराछोरीलाई शिक्षालयले छात्रबृत्ती प्रदान गरी रंगाइ कार्यको व्यवहारीक तालिम समेत दिएको पाइयो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयमा विना कुनै सहयोग शून्यबाट शुरु भइ यो स्थितीमा आइपुगेको र शिक्षालयले स्थापना कालदेखि नै पारदर्शी ढंगले हिसाब किताव राखी समयमै लेखा परिक्षण गराउँदै आइरहेको पाइयो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयले आफुले उत्पादन गरी विक्री भएका सामानबाट प्राप्त रकम नर्सरी देखि कक्षा ५ सम्मका प्राथमिक स्कूलमा अध्ययनरत २५० जना बालवालिकालाई निःशुल्क हप्ताको ५ दिन खाजा खुवाएको र अनाथ बालबालिकाहरुलाई कक्षा १२ सम्म अध्ययन गर्ने मौका सहित आवास सुविधा दिएको, १५ वर्ष उमेर नाघेका ५ कक्षा पास गरेका आर्थिक र अन्य कारणले अध्ययन गर्न नसकेका गरीब तथा असक्त युवाहरुलाई दैनिक रु २०० सहित ३ महिने सिकर्मी तालिम, ९ महिने व्यवहारिक सिकर्मी तालिम र १५ वर्ष नाघेका महिला, विधवा तथा अशक्तहरुलाइ दैनिक रु १५० भत्ता सहित गलैंचा बुनाइ तालिम, महिला तथा

अशक्तहरुलाई ३ महिने निःशुल्क हाते स्विटर बुनाइ तालिम, तालिम पछी आयमुलक कार्यक्रममा व्यवहारिक ज्ञानको अवसर, शिक्षालयमा कार्यरत कर्मचारी तथा तालिमेहरुको बालबालिकाहरुलाई हेरचाह गर्न दिवा बाल हेरचाह कक्षको व्यवस्था समेत गरिएको पाइयो ।उक्त शिक्षालयले १२ जना अति गरिव बालबालिकालाई छात्रवृत्ती प्रदान गर्नुका साथै काठमाडौ, भक्तपुर, ललितपुर तथा काभ्रे जिल्लाका २०० भन्दा बढी एकल महिला, अशक्त महिला तथा दिदीबहिनीहरुलाई विगत १७ बर्षदेखि आत्मनिर्भर आयमुलक कार्यक्रम सञ्चालन गर्दै आएको पाइयो ।

- कुम्भेश्वर विहारबाट शुरु भएको यस शिक्षालयको हाल आफ्नै ५ वटा पक्की भवनमा सबै कार्यक्रमहरु सञ्चालित रहेको पाइयो ।
- उजुरी कर्ता जयन्ती लामा खड्गीले अन्य कर्मचारीसँग शिक्षालयको मर्यादा तथा सहकर्मीहरुसँग बैरभाव राखी परस्पर मिलेर काम नगर्ने गरेकोले सम्झाई बुझाई गर्दा पनि नमान्नुका साथै मिति २०७३/०१/१५ गते विभिन्न बहानामा निर्देशकसँग भनाभन गरी आफूले लगाएको एप्रोन खोली काम छोडेर गएको र शिक्षालयको विनियमावली बमोजिम स्पष्टिकरण सोध्दा स्पष्टिकरण नबुझ्ने र हुलाकबाट पठाउँदा पनि पत्र नबुझी फिर्ता पठाएको पाइयो ।
- शिक्षालयमा विगत १५ बर्ष भन्दा अघिदेखि कार्यरत कर्मचारीहरु सबै जना सन्तुष्ट देखिएको र जयन्ती लामा खड्गी मात्र विभिन्न बहाना बनाई कामकाज छोडेर शिक्षालयलाई धारासायी बनाउने मनसायका साथ उजुर बाजुर तिर मात्र सहारा लिई हिडेको त्यहाँ कार्यरत सम्पुर्ण कर्मचारीहरुको भनाई रहेको पाइयो ।
- उजुरी कर्ता जयन्ती लामा खड्गीलाई जिल्ला प्रशासन कार्यालय ललितपुरले शिक्षालयका कर्मचारी प्रतिनिधी, संस्थामा कार्यरत अन्य कर्मचारीहरु समेतको रोहवरमा बोलाइ सम्झाइ बुझाइ पुनः काममा फर्कन अनुरोध गर्दा निज छलफलमा भने सहमति जनाउने र पछी कुरा फेरी काममा नआई शिक्षालय विरुद्ध गलत उजूरी हाल्दै संस्था तथा संस्थामा कार्यरत पदाधिकारीहरुको बदनाम गर्दै हिंडेने गरेको प्रतिक्रिया पाइयो ।
- शिक्षालयको आयमुलक कार्यक्रमबाट उत्पादन हुने सामानहरु (गलैंचा, स्वीटर, पञ्जा, टोपी, मफलर, मोजा, सल आदी) Fair Trade Company Japan, People Tree UK, SERV International USA, TTV Canada, CTM Italy, El Punte Germany लगायत Fair Trade Organization कम्पनीहरुले खरिद गरी सामानहरुको भुक्तानी शिक्षालयको नाममा रहेको बैंक खातामा जम्मा हुने र उक्त रकमबाट कर्मचारीहरु तथा कामदारहरुको तलव, भत्ता, विद्यार्थीहरुको किताब, खाना, अनाथ बालबालीकाहरुको शिक्षादिक्षाको रकम साथै प्राविधिक शिक्षालयलाई आवश्यक पर्ने कच्चा पदार्थहरु खरिद लगायत विभिन्न परोपकारी कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्ने गरेको र संस्थाले आय व्यय पारदर्शी रुपमा राख्दै संस्थालाई पूर्ण आत्मनिर्भर बनाउने तर्फ लागिपरेको देखियो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयमा नर्वेको रेडवार्नाले सन् १९९४ देखि सन् २००० सम्म ६ वर्ष प्राथमिक स्कूलको लागि आंशिक सहयोग प्रदान गरेको र करिव २० वर्ष देखी यस संस्थामा कुनै पनि दातृ निकाय वा वैदेशिक सहयोग समेत नआएको । अमेरीका, जर्मन, जापान, यूके, इटाली र क्यानाडामा शिक्षालयले उत्पादन गरेको समानहरु (गलैंचा, स्वीटर, पञ्जा, टोपी, मफलर, मोजा, सल आदी) विक्रि वितरण हुने गरेको र ति देशले खरिद गरेको सामानको रकम शिक्षालयको बैंक खातामा सोझै जम्मा हुन आउने र शिक्षालयले उक्त रकम तलव भत्ता लगायत प्राविधिक कच्चा पदार्थमा खर्च गर्ने गरेको पाईयो ।

## ३. निष्कर्षः-

- कुम्भेश्वर प्राविधिक शिक्षालय जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मिति २०४६/०५/२७ गते विधान सम्मत दर्ता भइ सञ्चालनमा आएको, स्थापना कालदेखि नै यसले अति पिछडिएका ललितपुरका देउला समाज र देशका विभिन्न क्षेत्रका गरिवहरुको सामाजिक तथा आर्थीक उत्थान गर्ने उद्देश्यले कुम्भेश्वर प्राविधिक

शिक्षालयको विधान तथा कर्मचारी कामदार नियमावली बनाई लागू गरी सञ्चालनमा आएको। उक्त शिक्षालयमा करारमा कार्यरत कर्मचारीहरुलाई स्थायी गरि मासिक तलवको साथै एक महिनाको दशैं खर्च, एक महिनाको प्रोत्साहन भत्ता दिदै आएको र कर्मचारीहरुलाई आवश्यक परेको वेला आर्थीक, सामाजिक, भैपरि आउने व्यवहारिक समस्यामा समेत सहयोग गर्दै आएको पाइयो ।कतिपय कर्मचारीहरुले उमेर हदका कारण अवकाश हुनुपर्ने भएतापनी काम गर्न चाहेको खण्डमा राजिनामा स्विकृत नगरी काममा निरन्तर लगाएको पाइयो ।

- कुम्भेश्वर प्राविधिक शिक्षालय शून्यबाट शुरुभइ प्राविधिक दक्ष जनशक्ति उत्पादन गर्ने योग्य संस्था भएको, उक्त संस्थाले लेखा परिक्षण समयमा गराई राज्यलाई तिर्नुपर्ने कर समयमा तिरेको, नविकरण समयमा गर्ने गरेको र शिक्षालयले स्थापना कालदेखि हिसाब किताव पारदर्शी ढंगले राखि संस्था संचालन गरेको पाइयो।
- कुम्भेश्वर प्राविधिक शिक्षालयले आफुले उत्पादन गरी विक्री भएका सामानबाट प्राप्त रकम नर्सरी देखि कक्षा ५ सम्मका प्राथमिक स्कूलमा अध्ययनरत २५० जना बालवालिकालाई निशुल्क रुपमा हप्ताको ५ दिन खाजा खुवाउने र अनाथ बालबालिकाहरुलाई कक्षा १२ सम्म अध्ययन गर्ने मौका सहित आवास सुविधा दिएको, १५ वर्ष उमेर नाघेका ५ कक्षा पास गरेका आर्थिक र अन्य कारणले अध्ययन गर्न नसकेका गरीब तथा असक्त युवाहरुलाई दैनिक रु २०० सहित ३ महिने सिकर्मी तालिम, ९ महिने व्यवहारिक सिकर्मी तालिम र १५ वर्ष नाघेका महिला विधवा तथा अशक्तहरुलाइ दैनिक रु १५० भत्ता सहित गलैंचा बुनाइ तालिम, महिला तथा अशक्तहरुलाई ३ महिने निःशुल्क हाते स्विटर बुनाइ तालिम दिई आयमुलक कार्यक्रममा व्यवहारिक ज्ञानको अवसर प्रदान गरेको साथै शिक्षालयमा कार्यरत कर्मचारी तथा तालिमेहरुको बालबालिकाहरुलाई हेरचाह गर्न दिवा बाल हेरचाह कक्षको व्यवस्था समेत भएको र १२ जना अति गरिव बालबालिकालाई छात्रवृत्ती प्रदान गर्नुका साथै काठमाडौ, भक्तपुर, ललितपुर तथा काभ्रे जिल्लाका २०० भन्दा बढी एकल महिला, अशक्त महिला तथा दिदीबहिनीहरुलाई विगत १७ बर्षदेखि आत्मनिर्भर हुन आयमुलक कार्यक्रम गर्दै आएको पाइयो ।
- कुम्भेश्वर प्राविधिक शिक्षालयको आयमुलक कार्यक्रमबाट उत्पादन हुने सामानहरु (गलैंचा, स्वीटर, पञ्जा, टोपी, मफलर, मोजा, सल आदी) Fair Trade Company Japan, People Tree UK, SERV International USA, TTV Canada, CTM Italy, El Punte Germany लगायत Fair Trade Organization कम्पनीहरुले खरिद गरी सामानहरुको रकम भुक्तानी शिक्षालयको नाममा रहेको बैंक खातामा जम्मा हुन आउने र सो रकमबाट कर्मचारीहरु तथा कामदारहरुको तलव, भत्ता, विद्यार्थीहरुको किताब, खाना, अनाथ बालबालीकाहरुको शिक्षादिक्षाको साथै प्राविधिक शिक्षालयलाई आवश्यक पर्ने कच्चा पदार्थहरु खरिद गर्ने गरेको र संस्थाको आयव्यय पारदर्शी रुपमा राखि प्राविधिक तालिमेहरुलाई पूर्ण आत्मनिर्भर बनाउने तर्फ लागिपरेको देखियो।
- कुम्भेश्वर प्राविधिक शिक्षालयमा नर्वेको रेडवार्नाले सन् १९९४ देखि सन् २००० सम्म ६ वर्ष प्राथमिक स्कूलको लागि आंशिक सहयोग प्रदान गरेतापनि करिव २० वर्ष देखी यस संस्थामा कुनै पनी दातृ निकाय वा वैदेशिक सहयोग रकम आएको पाइएन।
- शिक्षालयले उत्पादन गरेको समानहरु जस्तै गलैंचा, स्वीटर, पञ्जा, टोपी, मफलर, मोजा, सल आदी अमेरीका, जर्मन, जापान, यूके, इटाली र क्यानाडाबाट उल्लेखित सामानहरु माग भई आएको खण्डमा विक्रि वितरण हुने गरेको र उक्त शिक्षालयमा अवलोकन गर्ने विदेशी पर्यटकहरुलाई पनि सामान खरिद गर्न चाहेमा विक्रि वितरण गर्ने गरेको र विक्रि वितरणको रकम शिक्षालयको बैंक खातामा जम्मा गर्ने र शिक्षालयले उक्त रकम तलव भत्ता, अनाथ वालवालिकाको खाना,खाजा लगायत प्राविधिक कच्चा पदार्थमा खर्च गर्ने गरेको पाईयो।
- उजुरी कर्ता जयन्ती लामा खड्गीले संस्थाका निर्देशक एवं सदस्य सचिव किरण बहादुर खड्गीलाई मिति २०७३/०१/१५ गते विभिन्न बहानामा भनाभन गरी आफूले लगाएको एप्रोन खोली काम छोडेर गएको र शिक्षालयको कर्मचारी कामदार नियमावली, २०६८ बमोजिम स्पष्टिकरण सोध्दा स्पष्टिकरण नदिने, निज खड्गीलाई पुन काममा आउन आग्रह गर्दा काममा पनि नआउने, शिक्षालयलाई धारासायी बनाउने मनसायका

साथ विभिन्न निकायमा उजुर बाजुर गरी उजुरीको सहारा लिई हिडेने गरेको स्थलगत छानविन एवं अध्ययनको क्रममा प्राप्त कागजात हरुबाट देखिएकोले उजुरी कर्ताले उजुरीमा लगाइएको आरोपमा सत्यता पाइएन ।

४. **राय/सुझाव :-**

- कुम्भेश्वर प्राविधिक शिक्षालयका सदस्य सचिव किरण बहादुर खड्गीले वैदेशिक सहयोग रकमको दुरुपयोग गरेको भन्ने विषयमा विगत २० वर्ष देखी त्यस संस्थामा कुनै पनी दातृ निकाय वा वैदेशिक सहयोग रकम आएको नपाइएकोले उजुरी कर्ताले लगाएको आरोपमा सत्यता देखिएन।
- कुम्भेश्वर प्राविधिक शिक्षालयले संस्था नविकरण समयमा गर्ने गरेको, समयमा लेखा परिक्षण गराई राज्यलाई तिर्नुपर्ने कर नियमानुसार तिरेको र शिक्षालयले आम्दानी खर्चको हिसाब किताव पारदर्शी ढंगले राखि संस्था संचालन गरेको पाइएकोले उजुरी कर्ताले लगाएको आरोपमा सत्यता देखिएन तसर्थ उक्त उजुरी तामेलीमा राख्न उपयुक्त देखिन्छ ।

## ४. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।२७ को निर्णयः

कुम्भेश्वर प्राविधिक शिक्षालयका अध्यक्षले विदेशी दाताहरुले दिएको रकमहरु हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा उजुरीमा सत्यता नदेखिएकोले तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।